

युनिक नेपालको

# वार्षिक प्रगति प्रतिवेदन

## (Annual Progress Report)





## १. युनिक नेपालको संक्षिप्त परिचय

युनिक नेपाल सामुदायिक विकासकालागि सदस्यमा आधारित गैरनाफामुखी सेवामूलक गैरसरकारी संस्था हो । समाज सेवामा समर्पित युवाहरूको अथक प्रयासमा युनिक नेपाल जिल्ला प्रशासन बर्दियामा विधिवत दर्ता हुनु अगावैदेखि समाज सेवा र विकासमा तल्लिन रही हालसम्म स्थानीय आवस्यकतामा आधारित विभिन्न कार्यक्रमहरू निरन्तर संचालन गरिआएको छ । सानो तर दृढ संकल्प बोकेका युवा समुह र आफ्नै सानो कोषबाट शुभारम्भ गरेको लक्ष्य निर्दिष्ट कार्यक्रमगत क्रियाकलापहरू आज राष्ट्रिय र अन्तराष्ट्रिय दातृ तथा बित्तिय संस्थाहरूको सहयोगमा स्थानीय जनसमुदायको ब्यापक समर्थन र दक्ष तथा प्रतिबद्ध जनशक्तिको त्याग र मेहनतबाट मध्य तथा सुदुर पश्चिमका जिल्लाहरूमा युनिक नेपालले व्यापकता पाएको छ । ग्रामिण जनसमुदायको आवस्यकता र अनुरोधलाई ध्यानमा राखी आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्ने क्रममा हाल वर्दिया, बाँके, कैलाली र कञ्चनपुर जिल्लामा सेवा विस्तार गरेको छ । यसले नेपाल राष्ट्र बैंकबाट बित्तिय मध्यस्थकर्ताको अनुमति पत्र लिई युनिक लघुवित्त कार्यक्रम समेत संचालन गरिआएको छ ।

## I. Introduction

UNYC Nepal is a member based non-governmental and not for profit organization. It, before registering into District Administration Office, has been delivering needbased programs to the prople of rural area in the leadership of dedicated youths. In the initiation of local and dedicated youths, it was registered in 1995 AD, and started their activities in limited budget collected from members and Bhaili Dhyausi. By getting good supports from target beneficiaries, local bodies, government agencies and national and international partner organization, it, now, has been working in districts of western Nepal. As per need, priority and demand of local people, it has gradually been extending its working area and presently working in 4 districts, namely, Bardiya, Banke, Kailali and Kanchanpur. After obtaining license of Financial Mediators from Nepal Rastra Bank in 2000 AD, it has also been implementing micro-finance programs.

## २. उद्देश्य

युनिक नेपालको प्रमुख उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् ।

१) विपन्न वर्गका घरपरिवारको आर्थिक उत्थानमा टेवा पुऱ्याउन लघुवित्त सेवालाई ग्रामीण स्तरसम्म सर्वसुलभ गराउने ।

२) औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमको माध्यमबाट शिक्षा तथा चेतनास्तर बढाउने ।

३) स्वास्थ्य सेवा, कृषि, भौतिक निर्माण तथा चेतना विकास र वातावरण संरक्षणमा जन सहभागिताका माध्यमद्वारा सार्थक बनाउने ।

४) थारू समुदायको भाषा, भेषभुषा, साहित्य, कला र संस्कृती लगायत विभिन्न क्षेत्रममा अनुसन्धान, संरक्षण र विकास गर्ने ।

## ३. लक्षित समुदाय

युनिक नेपालका प्रमुख लक्षित समुहमा आदिवासी थारू, दलित, मधेसी, मुस्लिम र बिपन्न वर्ग र समुदायहरु रहेका छन् । साथै कार्यक्रमको प्रकृति अनुसार लक्षित समुदायहरु पहिचान गर्ने गरिन्छ ।

## ४ कार्य क्षेत्र र अनुभव

युनिक नेपालले विगत २२ बर्षदेखि निरन्तर शिक्षा, कृषि, स्वास्थ्य, जैविक विविधता, लघुवित्त र सीप विकास साथै भौतिक निर्माण क्षेत्रमा काम गरी आएको छ । यसकोलागि शिक्षा कार्यालय, जर्मन विकास सेवा, स्टीफटुङ्, विश्व शिक्षा, प्याक्ट नेपालको साझेदारीमा शिक्षा सम्बन्धि कार्यक्रमहरु संचालन गरेको छ । यसै गरी आइडीई नेपाल, जेएफपीआर, विनरक, फीन्ट्र्याक, आदिको साझेदारीमा कृषि कार्यक्रम संचालन गरेको अनुभव छ । डासु/डानीडा, युएमएन, एनएफआरपी, युएसएआईडी, जिल्ला विकास समिति, गाविस, आदिको साझेदारीमा बिद्यालय भवन, कल्भर्ट, पुल पुलेसा, सामुदायिक भवन, आदि निर्माण तथा जनपरिचालन गरेको छ । आईएलओ, पश्चिम तराई गरिवी निवारण आयोजना, सीएसपी, डीफीडको सहयोगमा मुक्त कमैया परिवार र बालमजदुर उन्मुलनकोलागि एकीकृत कार्यक्रम संचालन गरेको सफल अनुभव छ । स्वास्थ्य सम्बन्धित कार्यक्रम सेभ ड चिन्ड्रेन र युएसएआईडी/फीन्ट्र्याकको सहयोगमा संचालन

## II. Objective:

a. To facilitate for increasing the access of poor people into the micro enterprises activities at the community level.
b. To increase the awareness level of the community people through formal and non formal education.
c. To contribute in the improvement process of service delivery, infrastructure development and environment protection through people's participation.
d. To protect and promote the tradition and socio-cultural assets of Tharu Community.

## III. Target Groups

The main target groups of UNYC Nepal are poor people prioritized to Tharu, Dalit, Mad-heshi, Muslim, Janajati, Bahun Chhetri, etc. The target groups are identified as per nature of project too.

## IV. Working domain and experience

Twenty-two years till now, UNYC Nepal has been working in the areas of education, agriculture, health, biodiversity, vocational training and infrastructure development activities in the partnership with District Education Office, German Development Service, Stif Tung and World Education. Furthermore, it had implemented education related program in partnership with PACT Nepal. Likewise, it in joint contribution of Idea Nepal, WINROCK, JFPR and Fintrak had implemented agricultural activities. It had constructed schools building, culvert, bridges and community hall in the partnership with DANIDA/DASU, UMN, NFRP and District Development Committee, Bardiya. At the same time, it also implemented integrated programs aimed to freed Kamiaya and child labor eradication in the support of ILO, West Nepal Poverty Alleviation Fund and CSP/ DFID. It had conducted the health programs funded by Save the Children, USAID and FINTRACK. In close partnership with GEF/SGP, UNYC Nepal had successfully implemented biodiversity and environment conservation programs for the promotion

गरेको लामो अनुभव पनि छ । साथै युएनडीपी/जीइएफ /एसजीपी को साझेदारीमा पनि वातावरवण र जैविक बिविधता संरक्षण साथै थारू जडीबुटी ज्ञान र थारू बैडावा अभ्यास संरक्षणलाई लक्षित गरी नयाँ कार्यक्रम सफलताका साथ संचालन गरेको छ । युनिक नेपालले आरएमडीसी, "क" बर्गका १३ वटा बैंक तथा अन्य संस्थाहरूको वित्तीय ऋण सहयोगमा विगत १८ बर्षदेखि निरन्तर लघुवित्त कार्यक्रम पनि संचालन गरिआएको छ । लघुवित्तलाई थप प्रविधियुक्त र छिटो कार्यक्षेत्र विस्तार गर्नको लागि सक्षम च्यालेन्ज
फण्ड, निट र किसान परियोजनाको साझेदारी कार्यक्रम समेत संचालन गरेको लामो अनुभव छ ।

## ५. चालू कार्यक्रमहरू

(क) लघुवित्त कार्यक्रम
(ख) सिम परियोजना
(ग) स्थानीय शान्तिकालागि सुन्दर शान्त नेपाल परियोजना

and protection of socio cultural and traditional aspects of Tharu community. It has continuously been conducting Micro finance program in the partnership with RMDC and 13 'A' class commercial banks in rural area of western Nepal continuously from last 18 years. It has also been conducting additional programs in the partnership of Sakchyam Challenge Fund, NEAT and KISAN project to modernize and technolize the micro-finance program.

## V. On going projects

- UNYC Micro-finance
- Saving Increment Model (SIM) Project
- Sundar Shant Nepal Project for Peace Building

# Table of contents

Photo 1

## (क) लघुवित्त कार्यक्रम

### १. परिचय

विश्व शान्ति नोवेल पुरस्कार बिजेता डा. मोहमद युनुसले प्रतिपादन गरेको ग्रामीण मोडेलको लघुवित्त कार्यक्रम युनिक नेपालले सञ्चालन गरेको १८ बर्ष पुगेको छ । यसले नेपाल राष्ट्र बैंकबाट बित्तिय मध्यस्थकर्ताको अनुमति पत्र लिई बिपन्न परिवारका महिलालाई लक्षित गरी २०५७ सालदेखि निरन्तर रूपमा लघुवित्त कार्यक्रम संचालन गरी आएको छ । शान्ति प्रक्रिया शुरू भएपछि २०६३ सालदेखि लघुवित्त कार्यक्रमले आफ्नो सेवा विस्तारमा गुणात्मक सुधार तथा छलाङ्गमार्दै प्रगतिको शिखर चुम्न उन्मुख रहेको छ । जसका कारण हाल चार जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा आफ्नो ३६ वटा शाखाबाट २०७५ असार मसान्तसम्ममा ७९ हजार ३ सय ४४ महिलाहरूलाई लघुवित्त सेवा प्रदान गर्न सफल भएको छ ।

## A. Miccro-finance Program

### 1. Introduction

UNYC Nepal has attained 18 years of successful implementing Grameen Model Micro-finance program which was founded by Dr. Mohamd Yunush, the winner of Novel Peace award. After getting Liesence from Nepal Rastra Bank, it has started micro-finance program in 2000 AD enrolling to the women of poor households and continues till the date. After the comprehensive peace settlement agreement, the peace process started from 2008 AD, UNYC Nepal able to kissing up the success pick in its quality improvement, outreach growth and galloping on its all-round development in micro-finance sector. Because of its result, right now, it is working in four districts, namely, Bardiya, Banke, Kailali and Kanchanpur by opening 36 branch offices and providing services to around 80 thousand clients.

## २. उद्देश्यहरु

यस कार्यक्रमको बुदागत उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) ऋण परिचालन गरी बिपन्न वर्गको आयस्तरमा सुधार ल्याउने ।

ख) मुख्य लक्षित वर्गमा बित्तीय अनुशासनको विकास गराउने ।

ग) बिपन्न महिलाहरूको बचत गर्ने बानीको विकास गरी बचतलाई आयमुलक कार्यमा परिचालन गराउने ।

घ) महिलाहरूलाई उच्च प्राथमिकतामा राखी कार्यक्रममा सहभागी गराउने ।

ङ) सामुदायिक कार्यक्रमको माध्यमद्धारा चेतना जगाउने, संगठित गराउने तथा उनीहरूको जीवनशैलीमा परिवर्तन ल्याउन सहजिकरण गर्ने ।

## 2. Objectives

The overall objective of UNYC Micro Finance program is to ameliorate for the socio-economic development of poor women. However, its specific objectives are listed below -

a. To mobilize loan with an objective to improve the economic status.

b. To implant the practice of financial discipline among them.

c. To instill the habit of saving and use it at the time of difficulties and for other economic purposes.

d. To increase women's participation in community development programs.

e. To facilitate organizing women into groups; and increasing their awareness level and contributing in bringing socio economic betterment through engagements in income generating jobs.

## ३ कार्यक्रम संचालन प्रक्रिया

लघुवित्त कार्यक्रम सञ्चालन बिधि निम्नानुसार रहेको छ ।

## 3. Program Implementation Modality



## ४. लक्षित समुह र सदस्यता विस्तार

यस कार्यक्रमका प्रमुख लक्षित समुहमा बिपन्न आदिवासी थारू, बाहुन, क्षेत्री, दलित, मुस्लिम, मधेसी लगायत सम्पुर्ण कमजोर वर्गका महिलाहरू पर्दछन् । २०७५ असाढ मसान्तसम्ममा कूल ७९,३४४ जनालाई समुहमा समावेश गराई लघुवित्त सेवा प्रदान गरी रहेको छ । तीमध्ये पहाडी दलित ९,५४८ जना मधेसी दलित १८३७ जना, पहाडी जनजाती ४४८९ जना, थारू ४२,१२४ जना, पहाडी ब्राम्हण क्षेत्री १४८४७ जना, मधेशी ब्राम्हण १७६१ जना, अन्य मधेशी २४५६ जना, मुस्लिम २२८२ जना रहेका छन् । यसमा पनि एकल महिला ८७९, मुक्तकमैया ३,१३७, हलिया १९ र अढेरवा ५,५१२ रहेका छन । १९ देखि ३९ वर्षसम्मका सदस्यहरु ४६,२५२ जना छन् । ग्रामिण क्षेत्रका सदस्यहरु २६,६२० जना र सहरी क्षेत्रका सदस्यहरु ५२,७२४ जना छन् ।

विगत ५ वर्षको तुलनात्मक सदस्य विस्तार तालिका निम्नानुसार रहेको छ ।

| आर्थिक बर्ष | | सदस्य संख्या | |
|---|---|---|---|
| २०७०/०७१ | | ३१६९६ | |
| २०७१/०७२ | | ४६३६१ | |
| २०७२/०७३ | | ६२९४० | |
| २०७३/०७४ | | ७३४०५ | |
| २०७४/०७५ | | ७९३४४ | |

यस तालिका अनुसार आर्थिक बर्ष ७२, ७३ र ७४ सम्म आउँदा सदस्य विस्तार बार्षिक कम्तिमा १४ देखि १६ हजारको अनुपातमा बढेको देखिन्छ । जबकी आर्थिक बर्ष ०७५ मा आइपुग्दा यो बृद्धि दर केवर ६ हजारमा सिमित रहेको देखिन्छ ।

## ५. सेवाग्राही सदस्यहरु

लघुवित्तका केन्द्रबाट कर्जा लिएर आयमूलक कार्य गर्ने सदस्यहरूलाई सेवाग्राही सदस्यको समुहमा राखिएको छ । यो आर्थिक बर्ष तुलनात्मक सेवाग्राही सदस्य बढ्न सकेन, तथा ऋण लगानी रकम अवस्य बढेको छ । पाँच बर्षको सेवाग्राही सदस्यहरूको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ ।

## 4. Target Group and Outreach Growth

The target group of the MFP mainly includes Adivashi, Janjati, Dalit, Muslim, Madhesi and poor women. Until July 2018 AD, the project benefited 79,344 people including 9,548 hill Dalit, 1,837 Madheis Dalit, 4,489 Hill Janjati, 42,124 Tharu, 14,847 hill Brahmin/Chettri, 1,761 Madhesi Brahmin, 2456 other Madhesi, and 2282 Muslim. There are 879 single women, 3,137 freed Kamaiyas (Ex-bonded labor), Haliya 19 and Adherawa 5512. There are 46,252 clients whose age is in between 19 to 39 years. And rural clients are 26,620 and urban clients are 52,724. Urban means living municipality area. Rural means living in Gaunpalika area.

The comparative chart of outreach growth is given below.

| Fiscal Year | Number of members |
|---|---|
| 2070/071 | 31,696 |
| 2071/072 | 46,361 |
| 2072/073 | 62,940 |
| 2073/074 | 73,405 |
| 2074/075 | 79,344 |

As per above given chart, the outreach growth was 14 to 16 thousand in fiscal year 072, 073 and 074. Whereas it decreased to six thousand in fiscal year 2075.

## 5. Loanee clients

Those members who have borrowed loan are categorized into Active Members means service consuming member. They are also called loanee members. The numbers of loanee clients could not increased this fiscal year in compare to previous years, but loan outstanding increased. The comparative chart of loanee clients of five years is given below.

| आर्थिक बर्ष | सेवाग्राही सदस्य |
| --- | --- |
| २०७०/०७१ | १७६८३ |
| २०७१/०७२ | ३५८४१ |
| २०७२/०७३ | ३७७९७ |
| २०७३/०७४ | ४७८४८ |
| २०७४/०७५ | ४७९३९ |

यस तालिका अनुसार सेवाग्राही सदस्यहरूको बृद्धिदर आर्थिक बर्ष ०७१ मा करिव १५ हजार, ०७२ मा १२ हजार, ०७३ मा आएर करिव १० हजार बढेको देखिन्छ । तर पछिल्लो आर्थिक बर्षमा आएर सेवाग्राही सदस्य बृद्धिदर एक सय पनि छैन ।

## ६. ऋण सेवाहरु

युनिक नेपालले आफ्ना सेवाग्राही सदस्यहरूको सुविधा र आयमूलक व्यवसायमा थप टेवा दिनकोलागि सात प्रकारका ऋण सेवाहरू प्रदान गर्दै आएको छ । ती हुन्, साधारण ऋण, मौसमी ऋण, घरायसी ऋण, आकस्मिक ऋण, उज्यालो ऋण, व्यवसाय ऋण र धितो ऋण । यीमध्ये घरायसी ऋण बाहेक बाँकि सबै कर्जासेवा लिएमा आफ्नो सिप, अनुभव र बजारको अवस्था हेरेर आयमूलक कार्य अनिवार्य रूपमा गर्नु पर्दछ । बिगत पाँच बर्षको अवधिमा युनिक नेपालले सेवाग्राही सदस्यहरूलाई उपलब्ध गराएको कर्जाको तुलनात्मक विवरण यस प्रकार रहेको छ ।

| आर्थिक बर्ष | सदस्य संख्या रू. |
| --- | ---: |
| २०७०/०७१ | ३०,७५,०६,००० |
| २०७१/०७२ | ७०,९१,८०,००० |
| २०७२/०७३ | ११७,२१,४३,००० |
| २०७३/०७४ | १६१,३०,४४,००० |
| २०७४/०७५ | १८३,४९,१७,००० |

माथिको चार्ट अनुसार सेवाग्राही सदस्यहरूलाई युनिक नेपालले आर्थिक बर्ष ०७१ को करिव ठीक दोब्बर अर्को बर्ष बितरण गरेको देखिन्छ । तेश्रो बर्षमा आएर करिव ७० प्रतिशतले बढेको छ । आर्थिक बर्ष ०७४ मा आएर ३० प्रतिशतले बढेको छ भने पछिल्लो ०७५ सालमा आएर केवल ११ प्रतिशत वा मात्र रू. २२ लाख थप ऋण बढेको छ ।

| Fiscal Year | Number of loanee clients |
| --- | --- |
| 2070/071 | 17683 |
| 2071/072 | 35841 |
| 2072/073 | 37797 |
| 2073/074 | 47848 |
| 2074/075 | 47939 |

As per above given charts, the loanee members were increased around 15 thousand in fiscal year 2071, 12 thousand in 2072 and 10 thousand in 2074. But during this fiscal year, the loanee members increased only by 91 clients. So, it demands to have a lot of improvements.

## 6. Loan Product

UNYC Nepal provides 7 types of loan products to meet the loan demand of clients. The names of those loan products are general loan, seasonal loan, Entrepreneurship loan, Home loan, Emergency loan, Ujyalo loan and Business loan. Except emergency home loan, the loanee members must use loan amount in its income generating business based on their experience, skill and local market opoortunities. The comparative loan portfolio of five fiscal years is given below.

| Fiscal Year | Loan Portfolio NRs. |
| --- | --- |
| 2070/071 | 30,75,06,000 |
| 2071/072 | 70,91,80,000 |
| 2072/073 | 117,21,43,000 |
| 2073/074 | 161,30,44,000 |
| 2074/075 | 183,49,17,000 |

Above given chart is showing that loan port folio is double in compare to fiscal eyar 2071 in 2072. Around 70% increased in next fiscal year and around 30% in fiscal year 2074. And only 11% increased in this fiscal year.

## ७. बचत सेवाहरु

युनिक नेपालले समुह बचत कोष, केन्द्र उपकार वा ग्राहक राहत तथा कर्जा सुरक्षा अक्षय कोष, व्यक्तिगत बचत, पेन्सन बचत, नावालक बचत र योजना बचत गरी छ प्रकारका बचत सेवा दिइ रहेको छ । त्यसमध्ये पहिलो दुई बचत अनिवार्य पर्दछन्, र बाँकि चारवटा बचत सेवा सेवाग्राही सदस्यहरूले आफू खुशी खोली बचत गर्न सक्दछन् । यसमा अनिवार्यता रहदैन । पाँच बर्षको बचतको अवस्था तुलनात्मक रूपमा निम्नानुसार रहेको छ ।

| आर्थिक बर्ष | सेवाग्राही सदस्य |
|---|---|
| २०७०/०७१ | २०,३३,६६,००० |
| २०७१/०७२ | २०,१०,९६,००० |
| २०७२/०७३ | ४५,६६,१९,००० |
| २०७३/०७४ | ७५,३३,४५,००० |
| २०७४/०७५ | १०८,५६,१३,००० |

यो तालिका सन्तोषजनक छ । शुरूको दुई आर्थिक बर्षमा बचत बढ्नुको सटटा घटेको छ । तर पछिल्लो सबै आर्थिक बर्षमा बचत रकम तीस, चालिस करोडका दरले बढेको छ । पछिल्लो ०७५ सालमा पनि बचत रकम बढेर अरबमा पुगेको छ । बचत र कम ९ डिजिटबाट उक्लेर १० डिजिटमा पुगेको छ । सलाम छ, सबै सदस्यहरूलाई ।

## ८. उपलब्धीहरु

लघुवित्त कार्यक्रमका उपलब्धीहरूलाई बुँदागत रुपमा तल लिपिबद्ध गरिएको छ ।

### (क) गरिवी घटाउन

२०७५ साल असार मसान्तसम्ममा कुल ७९,३४४ महिलाहरूलाई लघुवित्त सेवा प्रदान गरी गरिवी न्युनिकरणमा टेवा पुगेको छ । कूल सेवाग्राही सदस्यमध्ये ६०.४२ प्रतिशतले नियमित रुपमा आयमुलक ऋण सेवा लिइरहेका छन् । यसबाट उनीहरूको आय आर्जनमा अभिबृद्धि भईरहेको छ र आयमूलक कार्यकोलागि ऋण लिने बानीको विकास भएको छ ।

## 7. Saving Products

It provides saving products to their all members of micro-finance group/centers. The saving products are categorized into two groups, first compulsory saving and another is optional saving. There are two types of compulsory saving products, one is group saving and another is client protection fund. There are three types of optional saving products, name, Pension saving, Children saving and Plan saving. Now days, the Plan saving is comparatively more popular. The saving port folio of five years is given below.

| Fiscal Year | Saving Portfolio NRs. |
|---|---|
| 2070/071 | 20,33,66,000 |
| 2071/072 | 20,10,96,000 |
| 2072/073 | 45,66,19,000 |
| 2073/074 | 75,33,45,000 |
| 2074/075 | 108,56,13,000 |

The saving portfolio is good. The saving amount is in decreasing trend in previous two years. After wards, saving amount is tremendously increasing. The saving is increased by 30 to 40 crors in subsequent years. Saving portfolio increased one digit to two digits. UNYC would like to salute to their all members and clients, and wants to congratulate them.

## 8. Achievements

The outsputs of micro-finance program is given below.

a. Poverty alleviation

By July 2018, it enrolled 79,344 women in centers of Micro finance, and contributed in the process of poverty alleviation. Among the service seekers, nearly 65 percent are obtaining loan on periodic basis. With this, they have been able to improve their business and also cultivated the practice of taking loan for different income generating purposes.

### (ख) बचत संकलन तथा परिचालन

सबै सदस्यहरूको बचत गर्ने बानीको विकास भएको छ । जस कारण २०७५ असार मसान्तसम्ममा ऋण लगानीमा बचतको अनुपात ५९.१६ प्रतिशत रहेकोछ । बचत जम्मा गर्नेसबैले ब्याज आर्जन गरेका छन् ।

### (ग) नियमित केन्द्र बैठक

समुह र केन्द्रको माध्यमद्वारा लघुवित्त कार्यक्रममा बचत तथा ऋण परिचालन गर्ने भएकोले समुहमा मिलेर काम गर्ने बानीको विकास भएको छ । केन्द्रको निर्णय अनुसार नियमित १४ वा २८ दिनमा बैठक अनिवार्य रूपमा बस्ने गर्दछन् ।

### (घ) साक्षरतामा बृद्धि

युनिक लघुवित्त कार्यक्रममा सहभागी सम्पूर्ण घरपरिवारका सबै छाराछोरीहरु बिद्यालय भर्ना भएका छन् । सत प्रतिशत महिला सदस्यहरूले हस्ताक्षर गर्दछन् । साक्षरता दर बढेको छ ।

### (ङ) स्वास्थ्य चेतना

लगभग ९५ प्रतिशत सदस्यहरूले आफ्नो घरमा स्थायी वा अस्थायी चर्पी निर्माण गरी प्रयोगमा ल्याएका छन् । घर आँगन सफा गर्नुपर्ने नियम अभ्यासमा छ ।

### b. Saving collection and mobilization

Out of total loan outstanding for this year, the ratio of saving is 59.16%. The saving ratio of last fiscal year was 46.81%.

### c. Focus on education:

All the members of the Micro Finance program have admitted their children in school. And they are sending children to schools regularly. Group members also can read and write their names. As a result, the literacy rate increased.

### d. Health related awareness

Nearly 95 percent members of the Micro Finance related intervention have boosted to making toilet and practice of using it. And they are conscious on health and sanitation matters so they clean up in and around their home, toilets, bathrooms, village and using them efficiently.

### e. Direct employment

It has one head office, another one project head office and thirty-six branches in Banke, Kailali, Kanchanpur and Bardia districts, extending to larger populace. It altogether has provided job opportunity to 236 inclusive male and female. So, they are the direct beneficiaries too.

Photo 2

Photo 3

**(च) प्रत्यक्ष  रोजगारी**

बर्दिया, बाँके , कैलाली र कञ्चनपर गरी चारवटा जिल्लामा ३६ वटा शाखा  कार्यालय विस्तार गरी सेवाग्राहीहरूकोलागि लघुवित्त सेवा विस्तार गरेको छ । यसबाट २३६ जनाकर्मचारीहरूले प्रत्यक्ष रोजगारीको अवसर पाएका छन् भने सेवाग्राही सदस्यहरुले स्वरो जगारी पाएका छन् ।

**(छ) साझाथलो (केन्द्र घर)**

लघुवित्त केन्द्र भएका गाउँ टोलहरूमा करिव ८० प्रतिशत केन्द्रमा केन्द्र घर निर्माण भएका छन् । जहाँ केन्द्र बैठकका साथै अन्य सामुदायिक विकासका बिषयहरूमा छलफल, अन्तरक्रिया हुने गर्दछ । यसको स्वामित्व महिलाहरूको हुनुको साथै उनीहरूको अभिभावकहरूले पनि बहन गर्दै आएका छन् ।

**(ज) समाज सेवा**

कुलत जस्तै तास खेल्ने, जाँड रक्सी खाएर अभद्र व्यवहार गर्नेहरूलाई धेरै हदसम्म रोक्ने काम लघुवित्त कार्यक्रमका महिला सदस्यहरूले गरी आएका छन् ।

**(झ) बिपन्न तथा असहायलाई सेवा**

अतिविपन्न परिवारमध्येका ३,१३७ मुक्त कमैया, १९ हलिया, ५,५१२ अधेरवा र ८७९ जना एकल महिला घरपरिवारका सदस्यहरूलाई लघुवित्त सेवा प्रदान गरिएको छ ।

f. **Central home**

Around 80% center home is managed by clients out of total village and Tol where micro finance centre are formed. The central home hosts the central meeting and also provides space for dialogues and interaction on development related issues. They are controlled and governed by women.

g. **Social service**

The micro finance intervention has also played a significant role in mitigating social responsibilities. To this end, women have been actively involved in process to control and eradicate social anomalies.

h. **Services to destitute and ultra poor**

The micro finance related program has benefited to the families of ultra poor and marginalized groups. It includes 3,137 freed Kamaiya, 19 Haliya, 5512, Adherawa and 879 single women.

Photo 4

## लघुवित्तले जुडाएको अवसर

सुर्जपति देवी डगौराको छारी रिता डँगौराको जन्म २०४५ साल कार्तिक १० गते कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका वडा नं. ३ जोनापुर गाउँमा भएको थियो । २०५२ सालदेखि २०६२ सालसम्म देशमा जनयुद्ध चलेको हो । २०६० सालदेखि उनी माओवादी जनयुद्धको संघर्षको यात्रामा लागिन, र महिला संगठनमा आवद्ध भई निस्कनु भयो ।

जनयुद्धको समयमा त्यही संघर्षमा लागेका एकजना साथी प्रेम लाल चौधरीसँग भेट भयो । रिता र प्रेमको लक्ष्य एउटै थियो, देश परिवर्तन गर्ने । त्यसकारण कार्यक्रममा भेटघाट हुनथाल्यो, र आत्मियता बढ्दै गयो । र २०६१ सालमा माओवादी जनयुद्धको यात्रा कै क्रममा विवाह बन्धनमा बाँधिनु भयो । दुर्भाग्यवस, दुबै जना २०६२ साल जेठ १० गते गोदावरीको गा.वि.स. वडा नं. ९ नाइल भन्ने ठाउँबाट गिरफ्तार पर्नु भयो, र १ बर्ष जेल जीवन बिताउनु भयो । पछि २०६३ सालजेठ ३० गते महेन्द्रनगर कारागारबाट रिहा हुनु भयो ।

जेल जीवनपछि जनयुद्ध प्रतिको आफ्नो त्याग र बलिदानीको सम्मान र मूल्यांकन नभएकोजस्तो लागि पार्टीको सम्पुर्ण जिम्मेवारीबाट अलग भइ जनयुद्धको यात्राबाट विदा लिई नयाँ जीवनको सुरूवात गर्ने संकल्प गर्दै आफनै घर फर्किनु भयो ।

## Opportunity Provided by Micro-finance

Rita Dagaura, daughter of Sarjupati Dagaura, got birth on 26 October 1988 at Jonapur village, Ward No. 3, Shuklafanta Municipality, Kanchanpur. The Maoist's long-term civil war was continued from 1996 to 2006 AD. She also joined Maoist party in 2004, and involved in different activities of them. She got responsibility in women sister organization of Maoist Party. She contributed a lot and leaded many struggling events till the date of comprehensive peace agreement.

During that struggle time, she met with Mr. Prem Lal Chaudhary. They had single mission to bring change in Nepalese livelihood. So, they regularly started to participate in different activities organized by party. Because of these events, both of them also got opportunity to meet, and closeness and trust build up gradually increased. During the people's war, both Rita and Prem got marriage in 2006 AD. Unfortunately, on 23 May 2005, both of them got arrest from Godawari village committee, ward no. 9 Nail village and prisoned one year in Mahendra Nagar Jail on the blame of Maoist terrorist. After comprehensive peace agreement, both Rita and Prem also released.

जीवन जीउनकोलागि उहाँहरूलाई नयाँ जीवन कसरी सुरूवात गर्ने भन्ने प्रमुख चुनौति थियो । रिता डँगौराका अनुसार, त्यो अवस्थामा गाउँमा बस्न एकदमै कठीन भयो । समाजले गर्ने व्यवहार र हेर्ने दृष्टिकोणले आत्मसम्मानमा चोट लागेको जस्तो महशुस हुन्थ्यो । युद्धपछि जेलबाट फर्केको नयाँ वातावरणमा के काम गर्ने ? कसरी जीवन जिउने ? भन्ने अन्यौलता थियो ।

उहाँको श्रीमानले गाउँकै फर्निचर काम गर्ने मिस्त्रीसँगै दैनिक ज्यालादारीमा काम गर्न थाल्नु भयो र आफुले पनि गाउँमै के ही मजदुरीको काम गर्दै दैनिक आफ्नो खर्चको जोहो गर्न थाल्नु भयो । त्यो अवस्थामा कुनै कहींबाट पनि कुनै किसिमको आयश्रोत थिएन । दुःखद जीवन करिव पाँच बर्ष विताए । पछि ज्यालादारी गरी कमाएको पैसा बचाएर गुम्ती पसल रू. १५ हजार मा खोल्यौं ।
थोरै लगानीमा पसल खोलेकोले त्यसको आम्दानीबाट दैनिक गुजारा कठीनपूर्ण थियो ।

रिता र प्रेमलालले जिन्दगीको अनुभव सुनाउदै भन्नु भयोः हामीले जिवनमा धेरै संघर्ष गऱ्यौं । तर सफलताको लागि लघुवित्त नै हाम्रो अवसर बन्यो । संयोगवस एक पटक एक जना हरि कुमार चौधरी उनको पसलमा बिस्कुट किन्न आउनु भयो र बोलीबिस्तार गर्दा उहाँ युनिक नेपाल लघुवित्त कार्यक्रमका कर्मचारी हुनु हँदो रहेछ । युनिक नेपालले के के गर्छ ? भन्ने जिज्ञाशामा उहाँले यनिक नेपालले लघुवित्त कार्यक्रम अन्तरगत दिने सेवा लगायत संस्थाको वारेमा सबै कुरा बताउनु भयो । त्यसपछि आफनै गाउँमा युनिक महिला समुह बनाउछु भन्ने मनमा लाग्यो र उहाँकै सक्रियतामा बि.सं. २०६९ साल असोज १६ गते शुक्लाफाँटा नगर पालिका वडा नं. ३ जोनापुरमा केन्द्र नं.४९ गठन भयो । जसको नाम रोश्नी युनिक महिला केन्द्र राखियो । समुह गठनभएपछि उहाँको जीवनले नयाँ मोड लियो ।

शुरूमा रिता डँगौराले २०६९ माघमा रू. ५ ऋण लिएर पसालमा सामान थप गर्नु भयो । त्यो समयमा उहाँलाई ५ हजारको कर्जा रू. ५ लाख बराबर भएको जस्तो महशुस भयो । शुरूमा ऋण कसरी चुक्ता गर्ने हो, निकै चिन्ता लागेको थियो, तर विस्तारै किस्ता अनुसार बुझाउदै जाँदा सजिलो हुने रहेछ भन्ने कुरा सुनाउनु भयो । यसपछि फेरि व्यापारकै लागि क्रमशः रू. २५ हजार, रू. ५० हजार, रू. ६० हजार ऋण पटक पटक गरी लिन भयो । साथै पानी सिंचाइको लागि रू. २० हजार ऋण निकाली पानीतान्ने मोटर पनि खरिद गर्न भएको छ । रू. १५ हजार बाट शुरू गर्नु भएको किराना पसल हाल दर्ता गरी आन्तरिक र ाजस्व कार्यालयबाट पान नम्बर लिई किराना पसल, माछा-मासु र पेय पदार्थ समेत बिक्री गर्दै आउनु भएको छ । उहाँको अनुसार

As per version of Rita Chaudhary, after that big incident, they did not get respect and opportunity in that party in compare to their contribution, so they returned back to their home, and started their private life. It was not easy time for them because everywhere was crisis, no food, no land and no cash for starting new business. They had lots of hurdles and obstacles. They felt guilty and attack on self-respect of her. After returning back from jail, they got new environment and challenge everywhere. There were numerous threats and confusions of their future life.

Her husband started to work together with local furniture maker (carpenter) in daily wages basis and she also started to work on daily wages term, she said. It helped them a little to solve basic hand to mouth problem. Except it, they had no other sources of income. She spent her tedious life for 5 years. During this struggling time, she and her husband jointly saved some money and started Gumti Shop investing only NRs. 15,000. Villagers helped to collect timber for making Gumti, carpenter also helped to make it. The income was negligible because investment was as a drop in an ocean. The income from that Gumti was very difficult to sustain their daily life.

The talking was continued long. She shared her experience of life. And she said that micro-finance became big opportunity for us. By fortune, one day Hari Kumar Tharu, staff of UNYC Nepal, came to buy biscuit in the shop of Rita Tharu. She asked him, who are you, why did you come and so on. And Hari said, he was staff of UNYC Nepal and briefed about Micro-finance program. Then she thought to make group in her village. Hari helped, provided training formed Centre No. 49 Rosani UNYC Women Centre. It is located in Suklafanta municipality, Ward No. 3 Jonapur. It was formed on 2 October 2012. She again said that after the date of group formation, her life pattern changed.

In January 2013, she, at first, borrowed NRs. 5,000 and added goods in her Gumti shop. At that time, she felt NRs. 5,000 as equal to NRs five lakhs, she explained. After wards, she borrowed NRs. 25 thousand, next NRs. 50 thousand, anther NRs. 60

दैनिक औषत ५/६ हजार रूपैंयासम्मको आम्दानी हुने गरेको छ । व्यापारबाट आयको नाफाबाट मासिक किस्ता सजिलै तिर्न सकेको र पहिलेको भन्दा पसल बढाउन सकेकोमा खुशी लागेको कुरा बताउनु हन्छ । हाल २ वटा कर्जा लिनु भएको छ भने रू. २१ हजार ६ सय बचत पनि गर्नु भएको छ ।

उधारोमा बढी जाने भएकोले व्यापार छोड्ने सोंच बनाई सक्नु भएकी रिता डँगौराले बिक्री गर्ने नियम बदल्नु भयो, र थप ऋण लिएर कारोबार बढाउदै जाँदा आम्दानी पनि बढ्दै गयो र आत्मविश्वास पनि बढेको बताउनु भयो । रिताको अनुभवमा व्यापार गरेर हाल घर नयाँ बनाउन र जमिन खरिद गर्न नसके पनि दैनिक आम्दानी गर्ने बाटो बनाउन सफल भएको र हाल व्यापारबाट एकवटा फ्रिज, फर्निचर, सिंचाइकोलागि मोटर र व्यापार विस्तार गर्न सकेकोमा सन्तुष्टी मिलेको कुरा गौरवका साथ भन्नु हुन्छ ।

हाल रिता डँगौराको आफ्नै पक्का २ कट्ठा जमिन र ऐलानी १३ कट्ठा जमिन छ ।त्यसमा आफै जोतभोग गरी मौसम अनुसार अन्न र तरकारी उत्पादन गर्नु हुन्छ । भविष्यमा पसललाई विस्तार गर्दै स्टेश्नरीको समेत सामान राख्ने योजना रहेको पनि बताउनु भयो । घरमा आफु, श्रीमान, ससुरा र एक छोरा रहेको र छोरा कक्षा ६ मा पढइ रहनु भएको छ ।

गरिवहरूको आर्थिक अवस्था सुधार गर्नकोलागि उनीहरूलाई उद्यमशीलताको तालिम, सहुलियत व्याजदरमा कर्जासेवा र बचत गर्ने बानीको विकास गर्न सहयोग गरेकोमा युनिक नेपाललाई रि ता डगौराले धन्यबाद दिनु भयो ।

thousand and continuously enlarged her shop. She also borrowed NRs. 20 thousand to purchase water pump. Now, she has registered her shop, and taken PAN number from revenue office. Small shop started by NRs. 15 thousand, now enlarged and added next product, that is fish and meat cutting center and cold drink too. As per her statement, she earns NRs. 5 to 6 thousand every day.

She, right now, is very happy because that business is generating income to pay instalment on time, able to pay for daily need and possible to enlarge her shop. Right now, she has borrowed two loans and saving NRs. 21,600. At the beginning, she had credit due amount, many clients had credit, so was in a position to close the shop. But she changed her strategy and increased investment by taking loan from UNYC Nepal. Right now, income and confidence level also increased to do such business.

As per her experience, she could not add new home and purchase land but could enlarge her shop, added new business, daily income increased and purchased freeze, furniture, irrigation pump. So, she is satisfied. Later on, she purchased 2 Kattha pakka land and managed 13 Ailani Land too. Right now, she is cultivating land and doing vegetable farming. She has plan to add stationary goods. She has small family, husband, father-in law, and son studying in class six.

She conveyed her thanks to UNYC Nepal for providing entrepreneurship training, loan on resonable rate of interest and to increase habit of saving to improve the economic status of poor people.

Photo 5

## विदेशिने युवाहरूकोलागि उदहारण बनिन् हरिकला बस्नेत

धेरैजसो नेपाली युवाहरूको सपना जस्तै भैसक्यो, विदेश जाने, पैसा कमाउने र नेपाल फर्किए पछि कुनै व्यवसाय गरेर सुखी जीवन विताउने । यस्तै कैयन सपना बोकेका लाखौं नेपाली युवा युवतीहरू रोजगारीको खोजीमा विदेशिनु परेको छ । कतिपय युवा युवतीहरू राम्रै पैसा कमाई गरेर फर्केका पनि छन्, त कतिको जीवन खाडी मुलुकको गर्मी र जोखिमपुर्ण कामको सामना गर्दागर्दै काठको बाकसमा बन्द भएर आएको तितो सत्य पनि यथार्थ छ । कति त दलालको फन्दामा परेर गलत ठाउँ र काममा फसेका छन् त कति मालिकको यातना र श्रम शोषणमा परेर राजदुतावासमार्फत घर फर्काइ दिन हारगुहार गरिहेको खबर आइरहन्छ । यीसबै हुनुमा हाम्रो पनि उत्तिकै दोष छ । सरकारले कर्मठ युवाहरूलाई रोजगार दिन नसक्नु, अनुत्पादनशील शिक्षा नीति, उद्यौगिक क्षेत्रमा लगानीको कमि र नेपाली युवाहरू आफ्नै देशमा कुनै पनि काम गर्दा लाज मान्ने प्रवृतिका कारण यो समस्या आएको हो । सत्य कुरा के हो भने विदेशमा कुनै पैसाको रूख रोपिएको हुँदैन, त्यहाँ मेहनत र लगनले परिश्रम गर्नुपर्ने हुन्छ । यो परिस्थिति बुझेका कैयौं युवाहरू पनि आफ्नो मेहनत र लगनले आफ्नै गाउँघरमा राम्रो आम्दानी गर्न सफल भएका छन् । यसको उदहारण बनेकी छिन् बर्दिया जिल्ला गुलरिया नगरपालिका वडा नं. १ मिलन टोलकी हरिकला बस्नेत ।

हिरे बस्नेत र लाली बस्नेतको माईला छोरा रतन बहादुर बस्नेत हुन् । उनै रतन बहादुर बस्नेतसँग हरिकला बस्नेत २०५७ साल पुस महिनामा विवाह बन्धनमा बाँधिनु भयो । उहाँको पनि एउटा

## Harikala became example for Abroad Youth

Big number of youths have a dream to go abroad, earn money, returned back and start business for their future happy life. Such types of hundreds of thousands youth compelled to go abroad for looking jobs. Some of youths returned back together with good earning, but many youths confronting with exclusive hot and doing extremely risky jobs, they, the real bitter fact, dispatched into death body box. Many of them trapped into wrong place and jobs due to cheating by brokers. Amongst some suffered from torture of tenant and labour exploitation. They come into contact with embassy and returned back to home, such new regularly comes in papers. Unemployment problem, unproductive education policy, lack of investment in industrial sectors, youth hesitation to work in own country are the main causes of abroad going youth for searching jobs. The reality is there is no cash fruiting tree, they have to work hard with full of dedication. The youths who know this bitter fact, they do hard labour in own country and getting progress even in rural home town too. Such exemplary deeds made her model in front of abroad going youths, name, Harikala Basnet from Gulariya Municipality, ward No. 1.

Ratan Basnet is the son of Hira and Lali Basnet. And Harikala Basnet married with Ratan Basnet in December 2000 AD. She had a plan or dream to

सपना थियो, श्रीमानलाई विदेश पठाउछु र धेरै पैसा कमाएर ल्याएपछि राम्रो लगाउने र मिठो खाने, अनि बालबच्चाहरूलाई राम्रो शिक्षा दिने । यही सपना साकार पार्न श्रीमानलाई विदेश पठाउने प्रयास गर्नु भयो । प्रत्येक प्रयास असफल भयो, कहिले मेडिकल फेल, त कहिले दलालले पैसा खाइदिने । यो सबै हुँदा हुँदा हरिकला बस्नेत हैरान हुनु भयो र केही सीप नलागेपछि श्रीमानलाई इण्डिया पठाउनु भयो । इण्डियाबाट ज्याला मजदुरी गरेर पठाएको पैसाले उहाँहरू घर व्यवहार चलाउन थाल्नु भयो । २०७० साल माघ महिनामा युनिक नेपालको गुलरिया शाखाले गरिब तथा विपन्न वर्गका महिलाहरूलाई ऋण लगानी गर्ने उद्देश्यले गुलरिया नगरपालिका वडा नं. १ मिलन टोलमा मिलन युनिक महिला केन्द्र नं. ५१ गठन गर्‍यो । यसै महिला समुहमा उहाँ पनि सदस्यता लिनु भयो । घरमा सल्लाह गरी इण्डियामा रहेको श्रीमानलाई बोलाउनु भयो र दुबैजना सल्लाहा गरेर व्यावसायिक बंगुर पाल्ने योजना अनुसार युनिक नेपालबाट पहिलो पटक २०७१ साल असारमा रू. २० हजार ऋण निकाल्नु भयो । यस पैसाबाट उहाँ थप ४ वटा बंगुर किन्नु भयो । बंगुर पालन व्यवसाय राम्रो हुँदै गयो र हाल उहाँसँग १६ वटा बंगुर र व्यवस्थित खोर पनि छ ।

यस बंगुर पालन व्यवसायबाट फाइदा हुँदै जादा उहाँलाई थप काम गर्न मन लाग्यो र २०७१ साल भाद्र महिनामा युनिक नेपालबाट रू. ५० हजार ऋण निकाली २०० वटा ब्रोइलर कुखुरा पालन पनि शुरू गर्नु भयो । हाल उहाले ठूलो खोर बनाई नियमित रूपमा २ हजार कुखुरा पालन गरिरहनु भएको छ । एक बर्षअघिबाट १६ वटा खसी र बाखा पालन पनि गर्दै आउनु भएको छ । यस बंगुर, कुखुरा र खसी बाखा पालनबाट उहा मनग्य आम्दानी गरिरहनु भएको छ ।

पहिले जमिन नभएकी हरिकला बस्नेत, यही व्यवसायबाट गुलरिया न.पा., वडा नं. १ मिलन टोलमा हालैमात्र ५ कट्ठा जमिन खरिद गर्नु भएको छ, भने आफ्नै घर बनाउनु भएको छ । बालबालिकाहरूलाई राम्रो स्कुलमा पढाई रहनु भएको छ । उहाँको परिवारमा हाल एक छोरा र एक छोरी गरी दुईजना बच्चा र श्रीमान श्रीमती गरी चार जनाको सुखी परिवार छ ।

विदेश जाने युवाहरूलाई पाठ सिकाउने गरी गतिलो उदहारण बन्नु भएको छ । मेहनत र लगनले काम गरे आफ्नै देशमा विदेशको कमाईभन्दा बढी आम्दानी गर्न सकिन्छ भन्ने कुरा प्रमाणित गर्नु भएको छ । युनिक नेपालले बर्दिया जिल्ला अन्तरगत आ.व.०७४।०७५ को उत्कृष्ट सदस्यको रूपमा हरिकला बस्नेतलाई सम्मान पनि गरेको थियो ।

send her husband for searching good job in abroad, earn more money, settle life, have good cloth and tasty food, education for children, etc. So far, she tried many times to send her husband abroad but every effort became unsuccessful, sometime became failure in medical checkup and sometime company agent cheated, loose money. She tried many times, became tired and sent her husband in India. Her husband started to send small amount of money by doing daily wages labour, and she could manage daily needs of household.

She came into contact with staff of UNYC Nepal and jointed into groups/center in January 2014. It was center No. 51, name was 'Milan UNYC Women Center', under the Gulariya Branch. By taking advice of family members, she returned her husband from India, and started a new business, i.e., pig farming. At first, she borrowed NRs. 20,000 for pig farming. Right now, she has 16 mother pigs. She earned very good money from pig farming business. She again borrowed NRs. 50,000 and started another business, i.e., poultry farming, and started from 200 broiler chicken. Right now, she has more than 2,000 broiler chicken farm, pig farm and 16 goats too. She has sufficient earning from pig, broiler and goat keeping farms. She is satisfied from her business.

At the beginning, she had no land, but by doing above given business, she could buy 5 kattha of land in ward No. 1 Milan tole. She has own house. She is sending her children in school for education. She has four members in her family, husband and two children, small and happiest family.

By doing above given efforts, she got progress and became example in front of abroad going youths. Youths can learn more from her business and tedious history. She proved that earning could be possible more in own country in compare to abroad by doing dedication and hard labour. She awarded as a best client in fiscal year 2018 AD.

# Photo 6

## (ख) ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार कार्यक्रम

### १. परिचय

युनिक नेपाल र सक्षम एक्सेस टु फाईनान्स/युकेएड को सहकार्यमा तीन वर्षे ग्रामीण क्षेत्रमा लघुवित्त सेवा पहुँच विस्तार परियोजना संचालन गरिएको हो । यस परियोजनाबाट नयाँ १३ वटा शाखा कार्यालयहरू खोलिएको छ भने १६,८३७ जना लक्षित वर्गका महिला सदस्यहरू लघुवित्त कार्यक्रममा आवद्ध भई लघुवित्त से वाबाट लाभान्वित भइरहेका छन् । तीमध्ये ९,८९३ जना सदस्यले कर्जा सेवा चलन गरी विभिन्न ब्यवसायमा आवद्ध भएका छन् । परियोजना ४ फेब्रुअरी २०१५ मा सुरू भई ५ फेब्रुअरी २०१८ मा सम्पन्न भएको छ । उक्त परियोजना कैलाली, बाँके र बर्दियाको ९ वटा नगरपालिका र ६ वटा गाउँपालिकामा सञ्चालन गरि एको थियो ।

### २. उद्देश्य

ग्रामीण क्षेत्रमा रहेका लक्षित वर्गको लघुवित्त सेवामा पहुँच वृद्धि गर्ने, र उनीहरूको आयस्तर बढाउने मुख्य उद्देश्य रहेको छ । यसको अरू उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

## B. Increasing Access of Micro-finance Services to Rural Area

### 1. Introduction

In the partnership with Sakchyam Access to Finance/ UKAID, UNYC Nepal has been conducting 'Increasing Access of Micro-finance Services to Rural Area' program. It is opened 13 new branch offices and enrolled altogether 16,837 marginalized women in groups of micro-finance program and benefited therof. Out of them, 9893 clients have borrowed loan for doing income generating businesses. The project was started on February 2015 and came to end by February 2018. The program was coudcted in 9 municipalities and 6 Gaunpalika of Bardiya, Kailali and Banke districts. The special target groups of the program are freed Kamaiya, house servant girls (Kamlari), single women and women from disadvantaged and marginalized communities.

### 2. Objectives

The overall aim of this project is to enhance income of target beneficiaries through delivering micro-finance services and creating jobs. Other specific objectives are given below.

क. ग्रामीण क्षेत्रमा शाखा कार्यालय स्थापना गरी विपन्न वर्गमा लघुवित्त सेवाको पहुँच विस्तार गर्ने ।

ख. लघु कर्जा तथा आयमुलक ब्यवसायको माध्यमबाट स्वरोजगार सिर्जना गरी लक्षित वर्गको आय स्तरमा वृद्धि गर्ने ।

ग. लक्षित वर्गको आवश्यकता, प्राथमिकता र वजार उपलब्धताको आधारमा सीपमुलक तालिमहरू उपलब्ध गराई क्षमता अभिवृद्धि गर्ने ।

## ३. सम्पन्न क्रियाकलाप र उपलब्धिहरु

### १. MIS and Account Software Training

यसको विभिन्न शाखा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको सफ्टवयर सम्बन्धी ज्ञान र क्षमता विकास गर्नकोलागि फिल्ड स्तरका कर्मचारीलाई MIS and Account Sonftware Training तीन समूहमा विभाजन गरी प्रदान गरियो । पहिलो समुहको २०७४ साल पुश १४ देखि १५ गतेसम्म नेपालगंज, दोश्रो समुहको २०७४ साल पुश १६ देखि १७ सम्म टिकापुरको होटल सिद्धार्थमा र तेस्रो समूहको तालिम २०७४ पुश २१ देखि २२ गतेसम्म धनगढी स्थित होटल सनलाईटको हलमा सञ्चालन गरिएको थियो । तालिमका मुख्य प्रशिक्षक आईटि सेक्सनका अफिसर रमेश चौधरी रहनु भएको थियो । तालिममा जम्मा ११४ जनाको सहभागीता रहेको थियो ।

### २. एक दिने लघुवित्त अवलोकन भ्रमण कार्यक्रम

युनिक नेपालका विभिन्न केन्द्रमा आवद्ध रहेका ग्राहक सदस्यहरूको ब्यवसायप्रति उत्प्रेरणा बढाउनकोलागि तथा क्षमता अभिवृद्धि गर्नको लागि संस्थाभित्रकै ग्राहक सदस्यहरूले गरेको राम्रो ब्यवसायको अध्ययन अवलोकन भ्रमण गराउनकोलागि २०७४ साल मंसिर १९ गतेको दिन शाखा कार्यालय बाँसगढी र मैनापोखरका २०, २० जना ग्राहक सदस्यहरूको सहभागितामा आन्तरिक अध्ययन अवलोकन भ्रमण कार्यक्रम आयोजना गरियो । युनिक नेपालको शाखा कार्यालय टिकापुर अन्तर्गतका दुईजना सफल उद्यमी सदस्यको परियोजना अवलोकन गराइयो । ब्यवसायिक च्याउ खेती र ब्यवसायिक तरकारी खेती परियोजनाको अवलोकन तथा ब्यवसायी सदस्यहरूसँगको छलफलबाट भ्रमण सहभागीहरूले धेरै कुराह सिक्ने अवसर पाएका थिए ।

a) To increase the access of poor people in micro-finance services through opening new branches in rural area.

b) To create jobs (self employment) and increase income of target beneficiaries through providing loan for income generation works.

c) To provide skill training as per need, priority and market possibility of target beneficiaries.

## 3. Completed Activities

### 1. MIS and Account Software Training

This training was provided all the staffs working in different branch offices dividing into three groups. First lot training conducted on 29-30 December 2017 in Nepalgunj, second lot on 31 December to 1 January 2018 at Shiddharth Hotel, Tikapur, and third lots was conducted on 5-6 January 2018 at Sun light hotel, Dhangadhi. Total 114 staffs got training. The trainer was IT officer Mr. Ramesh Chaudhary.

### 2. One day Micro-finance Exposure visit

The main objective of this exposure visit was to motivate them and increase the capacity building for doing income generating business. So, it was organized to visit successful business of clients within UNYC Nepal. Selected 20 clients from Bansagadhi and next 20 clients from Mainapokhar branch visited Mushroom and Vegetable farming in Tikapur on 5 December 2017. It was provided them opportunity to talk with entrepreneour clients who are doing vegetable farming and mushroom farming. So, clients leart more from this exposure visit.

## ३. रणनैतिक योजना तर्जुमा वर्कशप

युनिक नेपालका उच्च ब्यवस्थापन, इलाका कार्यालयका कर्मचारीहरू र कार्य समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नकोलागि आफ्नै आयोजना रणनैतिक योजना तर्जुमा विषयक २ दिने कार्यशाला गोष्ठी नेपालगंजस्थित होटल किचन हट, बाँके मा २०७४ साल भाद्र २२ र २३ गतेका दिन आयोजन गरियो । तालिमका मूख्य प्रशिक्षक लघुवित्त विशेषज्ञ श्री सुनिल खनाल रहनु भएको थियो । तालिममा २८ जनाको उपस्थिति रहेका थियो ।

## 3. Workshop to prepare strategic plan

It was conducted workshop in the active participation of board members, management and Ilaka level staffs on 7-8 September 2017 at Kithen Hot Hotel, Nepalgunj. Workshop was facilited by Mr. Sunil Khanal, specialist of Micro-finance. There was presence of 28 male and female. The participants learnt basic knowledge of tratetic planning.

1. Study visit of eastern Micro-finance organizations

The management team of Project Head office were scheduled to have study visit of eastern micro-finance practitioner organizations from November 11 - 17, 2017 AD. They visited JIvan Vikas Samaj Nepal, Biratnagar, Sahara Nepal, Jhapa and Farward Bittiya Sanstha, Sunsari. They studied client protection policies, rules and regulations, IT policies, monitoring and supervision procedures and methologies, etc. That team also visited tourism and religious sites. The team comprised of Narendra Tharu, Krim Tharu, Rajenra Kumar Chaudhary, Madan Chaudhary, Man Bdr. Tharu and Ramesh Chaudhary.

## ४. उपलब्धीहरु

यस परियोजनाका मुख्य उपलब्धीहरू बुँदागत रूपमा निम्नानुसार छन् ।

१. कैलाली जिल्लामा १० वटा, बर्दिया जिल्लामा २ वटा र बाँके जिल्लामा १ वटा गरी जम्मा १३ वटा नयाँ शाखा कार्यालय स्थापना गरिएको छ ।

२. १,०६७ वटा मासमोटिभेसन, ८०३ वटा पि.जि.टि. र ७५४ वटा जि.आर.टी. गरी जम्मा १६,८३७ जना विस्तार गरिएको छ । जसमध्ये मुक्त कमैया, कम्लहरी, अधेरवा, हलिया तथा एकल महिला सदस्य ३,८७३ जना रहेका छन् ।

४. विभिन्न आयमुलक ब्यवसाय गर्नकोलागि ९,८९३ जना सदस्यहरूले कर्जा लिएका छन् ।

## 4. Achivements

The major achievements of the program are listed below-

a. Altogether 13 branches established; 10 in Kailali, two in Bardiya and one in Banke districts.

b. By doing 1067 mass motivation, 803 PGT and 754 GRT, it was enrolled altogether 16,837 marginalized women in groups of micro-finance program and benefited therof.

c. Among of them, there are 3,149 freed Kamaiya, 3,444 Adherwa, 552 single women enrolled in the program.

d. Out of total members enrolled in groups, 9,893 members have borrowed loan.

Photo 6

५. यस अवधिमा कूल कर्जा लगानी रू.९६,४८,७६,०००। भएको हो। त्यसमध्ये लगानीमा रही रहेको रकम वृद्धि रू.३१,४८,३१,००० हो, र जम्मा बचत परिचालन रू. १४,४७,९४,००० भएको छ (४ फेब्रअरी २०१८) ।

६. कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नकोलागि सफ्टवेयर संचालन तालिम, धारणा तथा ब्यवहार परिवर्तन तालिम, लेखा ब्यवस्थापन तालिम, आधारभुत लघुवित्त ब्यवस्थापन तालिम लगायतको विभिन्न ६ वटा तालिम सम्पन्न भयो । यसबाट कर्मचारीहरूको क्षमता अभिवृद्धि भई कार्य दक्षता र क्षमता अभिवृद्धि भएको छ ।

७. वित्तीय साक्षरताको तीन महिने कक्षा १०० वटा सञ्चालन गरी ३,००० जनालाई उद्येमी बनाउन सम्भव भयो ।

८. सदस्यहरूको उद्यमशिलता विकास गर्नको लागि ५६ पटक लघुउद्यमशिलता विकास आधारशिला तालिम सञ्चालन गरि यो । यसबाट २,२६९ जना सेवाग्राही सदस्यहरू लाभान्वित भएका छन । यसै गरि ३३ वटा तरकारी खेती, बंगुरपालन, कुखुरापालन लगायतको सिपमुलक तालिमहरू आयोजना गरी १,०८३ जना सदस्यहरूलाई तालिममा सहभागी गराई सीपमुलक तालिम दिईएको छ ।

९. परियोजना अवधिमा विभिन्न शाखामा ७३८ जना लघु उद्यमी सदस्य वृद्धि भएका छन् ।

१०. नयाँ निर्माण गरिएको कर्जा सेवामध्ये ब्यवसाय कर्जाबाट ३,९६४ जना लाभान्वित भएका छन् ।

e. During the project, total loan amount of NRs. 96,48,76,000 was disbursed to active clients. Present loan outstanding is NRs. 31,48,31,000 and saving mobilization is NRs. 14,47,94,000. (4 February 2018).

f. It was provided 6 types of training for capacity building of staffs. The training was Software, Concept and behavior change, account management, Basic Micro-finance management, etc.

g. It was conducted 100 finaicial and business literacy classes enrolling 3000 target beneficiaries.

h. 56 Sessions of Entrepreneourship training was conducted. 2269 clients got training. Like-wise, 1083 clients have alsot got vegetable farming poultry farming and pig farming training.

## (ग) सिम परियोजना

१. परिचय

सक्षम एक्सेस टु फाइनान्स र युनिक नेपालको संयुक्त साझेदारीमा बचत अभिबृद्धि परियोजना तीनबर्षको लागि शुरू गरिएको छ । यो परियोजना बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा कार्यान्वयन भइरहेको छ । यस परियोजनाबाट ११, ५०० जना नयाँ सदस्य लाभान्वीत हुनेछन् । यो परियोजना मार्च २०१७ मा शुरू भई अगष्ट २०१९ मा सम्पन्न हुनेछ ।

२. उद्देश्य

यस परियोजनाको मुख्य उद्देश्य नयाँ बचत सेवाको माध्यमबाट सेवाग्राही सदस्यहरूको बचत बृद्धि गर्ने रहेको छ । अन्य उद्देश्यहरू तल दिइएका छन् ।

(क) नयाँ बचत सेवाको माध्यमबाट सदस्यहरूको बचत गर्ने बानीको विकास गर्ने र बचत परिचालन बढाउने ।

(ख) ग्रामीण मोडेल मार्फत विपन्न घरपरिवारहरूको लघुवित्त सेवामा पहुँच पु¥याउने ।

(ग) लक्षित वर्गलाई ऋण उपलब्ध गराई स्वरोजगार सिर्जना गर्नमा सहयोग गर्ने र उनीहरूको आयमा बृद्धि गर्ने ।

(घ) लेखा सफ्टवेयरलाई सुधार गरी डिजिटल ट्याबलेटको माध्यमद्वारा लघुवित्त सेवालाई थप गुणस्तरीयता बनाउने ।

३. सम्पन्न क्रियाकलाप र उपलब्धिहरु

१. विद्यार्थीलाई वित्तीय साक्षरता कक्षा

२०७५ बैशाख १२ गते बाल मन्दिर, गुलरियामा, बैशाख १३ गते दोश्रो कक्षा बाँसगढी र तेश्रो कक्षा मैनापोखरको शारदा उच्च मा.वि.मा बैशाख १४ गते सम्पन्न गरियो । यस आर्थिक बर्षमा वित्तिय साक्षरता कक्षाबाट १०६ जना विद्यार्थीहरूको बचतको महत्व र बानीको विकास, फजुल खर्चले निम्त्याउने समस्या, योजना बनाई बचत गर्न उत्प्रेरित गरेको छ । विद्यार्थीहरूलाई बचत, ऋण, विप्रेषण तथा विमाको बारेमा अभिमुखीकरण गरिएको थियो । सेवाग्राही सदस्यहरूका स्कूल र क्याम्पस पढ्ने छोराछोरीहरूको सहभागिता रहेको थियो । वित्तिय साक्षरता कक्षाको सहजीकरण अधिकृतहरू मदन चौधरी, नरेन्द्र थारू र तुला चौधरीले गर्नुभएको थियो ।

## C. Saving Increment Model (SIM) Project

1. Introduction

In the partnership and cost sharing with Sakchyam Access to Finance, UNYC Nepal has conducted three-year project. The working districts are Banke, Bardiya, Kailali and Kanchanpur. The project will enroll 11,500 new members and targeted to mobilize 65% saving increment in compare to loan outstanding. It was started from March 2017 and will complet by August 2019.

2. Objectives

The overall aim of this project is to increment saving and Outreach through delivering new saving led products. Specific objectives are given below.

a. To increase saving habit and amount through developing New Saving Led
b. Products and services; and roll out it in all branches.
c. Toincreasetheaccessofpoorpeopleinmicro-finance services through Grameen Model of Micro-finance.
d. To create jobs (self employment) and increase income of target beneficiaries through providing loan for income generation works.
e. To improve quality and quantity of micro-finance services through digital tablets and upgrading existing accounting software (MIS systems).

1. Accomplished Activities

Financial Literacy Classes to students: It was conducted financial literacy classes at Bal Mandir, Gulariya on April 25, at Bansagadhi on April 26 and at Sharada Higher Secondary School, Mainapokhar on April 27, 2018. Total 106 students who are children of clients of micro-finance got training. The basic contents of financial literacy were saving and its importance, technique to control unneccesary expenses, problems generated by over expenses, types of saving, loan products, remitence, insurance, etc. The training was conducted by Madan Chaudhary, Narendra Tharu and Tula Chaudhary.

## २. योजना बचतबारे कर्मचारीहरुलाई अभिमुखीकरण

नया "योजना बचत" सेवाबारे सबै कर्मचारीहरूमा स्पष्टता ल्याउन र समान बुझाई बनाउन सबै शाखाका कर्मचारीहरूलाई अभिमुखीकरण गरिएको छ । गुलरिया, नेपालगञ्ज, टिकापुर र धनगढीमा क्रमशः २०७५ जेठ ५, जेठ २०, जेठ ८ र जेठ २६ गते सञ्चालन गरिएको थियो । ६८ पुरुष र ६८ महिला गरी जम्म १३६ जना कर्मचारीहरूको सहभागिता थियो । एक दिने अभिमुखीकरणमा योजना बचतको अवधारणा, विशेषता, महत्व, विधि र उपलब्धि बोरमा प्रशिक्षण गरिएको थियो । ३६ वटै शाखाका प्रमुख, सबै तहका फिल्ड कर्मचारी सहभागी थिए । सन्तराम धरकटुवा थारू र कार्यक्रम संयोजक तुला चौधरीले सहजीकरण गर्नुभएको थियो ।

